

# बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान



**बालअधिकार सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय कानूनहरु**

**उपाध्यक्षः मानव अधिकार मञ्च नेपाल**

पृष्ठ ३-७



**चर्चा बालअधिकारको**

**सुमन अधिकारी, बालअधिकार अधिकृत**

**संखुवासभा**

**यस भित्रका अन्य सामाग्रीहरु :**


- चर्चा बालअधिकारको : सुमन अधिकारी पृष्ठ ८-११
- बालवालिकाहरुको चौतर्फी विकासमा अभिभावकको भुमिका पृष्ठ १२
- स्थानीयस्तरमा नयाँ बाटो देखाउने संस्था मानव अधिकार मञ्च पृष्ठ १३
- परियोजना अर्न्तगतका गतिविधिहरु पृष्ठ १५-२४



बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना अर्न्तगत

**मानवअधिकार मञ्च नेपाल, इलामद्वारा प्रकाशित बुलेटिन**

# afn cfjfh

बर्ष - १ अंक - १ अगष्ट-डिसेम्बर, २०१४

**प्रकाशक**

मानव अधिकार मञ्च नेपाल, इलाम

**सहयोग**

Kinder MISSIONSWERK DIE STERNSINGER

**प्रधान-सम्पादकः** नवराज शंकर (९८५२६८१८५०)

**कार्यकारी सम्पादकः** ठाकुर श्रेष्ठ (९८५२६८०१०८)

**सम्पादन सहयोगीहरुः** रुद्र थेवे (इलाम), चन्द्र कालिकोटे (ताप्लेजुङ्ग), मणीकुमार लिम्बु (झापा), अर्पण मगर (पाँचथर), सावित्रा राई (धनकुटा), विन्दादेवी उप्रेती (तेह्रथुम), कालीबहादुर लिम्बु (संखुवासभा), मनकुमार बराइली (इलाम)

**कम्प्यूटर डिजाइनः** भक्त थामी (९८४२६३५८०५)

**मुद्रकः** आर. एस. पेपर प्रोडक्स, काठमाण्डौं

# सम्पादकीय

बालअधिकार बालबालिकाहरुको जन्मसिद्ध अधिकार हो। स्थानीयस्तरमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण एवम् सम्बर्द्धनका लागि राष्ट्रिय कानूनले प्रत्याभूत गरेबमोजिम प्रत्येक आर्थिक बर्षमा बजेट विनियोजन हुने गर्दछ। जसमा स्थानीय निकायमा विनियोजन हुने पुँजीगत अनुदानको १० प्रतिशत बजेट छुट्याउनुपर्ने प्रावधान विद्यमान रहेको छ। बालबालिकाको क्षेत्रमा छुटिने बजेट मुख्य गरेर बाल बचावट, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको क्षेत्रमा काम गर्नका लागि हो।

स्थानीय निकायमा विनियोजन हुने पुँजीगत अनुदानको १० प्रतिशत बजेट छुट्याउनुपर्ने प्रावधान विद्यमान रहेको छ। बालबालिकाको क्षेत्रमा छुटिने बजेट मुख्य गरेर बाल बचावट, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको क्षेत्रमा काम गर्नका लागि हो।

मानव अधिकार मञ्च, नेपाल इलामद्वारा सञ्चालित मानव अधिकार तथा शान्ति शिक्षा परियोजना अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरुमा स्थानीय तहमा बालबालिकाको क्षेत्रमा विनियोजन भएको बजेटको कार्यान्वयनको सन्दर्भमा परियोजना सञ्चालित प्रत्येक न.पा./गाविसमा सार्वजनीक सुनुवाई सबैतिर सम्पन्न भएका छन्। सार्वजनीक सुनुवाई सञ्चालन गर्ने क्रममा बालबालिकाको शीर्षको बजेटको अधिकांश स्थानमा विगतमा प्रभावकारी कार्यान्वयन नभएकै पाईयो। यद्यपी परियोजना सञ्चालन भएको स्थानमा हाल भने बालबालिकाको शीर्षकमा विनियोजन हुने बजेटको कार्यान्वयनमा प्रभावकारिता आएको छ।

स्थानीय निकायमा बालबालिकाको लागि भनेर छुटिने बजेटको यदि प्रभावकारी कार्यान्वयन गर्न सक्ने हो भने यसले बालबालिकाको हित प्रबर्द्धनमा प्रत्यक्ष रुपमा सघाऊ पुऱ्याउँदछ। यदि यसो हुन नसके उनीहरुको नाममा विनियोजन भएको स्रोत र साधनको दुरुपयोग भएको ठहरिनेछ। त्यसैले बालबालिकालाई योजना निर्माण, कार्यान्वयन र प्रतिफलको बाँडफाँडमा अर्थपूर्ण ढङ्गले सहभागि गराउने गरौं।

# बालअधिकार सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय कानूनहरू



**बीरबहादुर खड्का, उपाध्यक्ष**
मानवअधिकार मञ्च नेपाल, इलाम

बालबालिकाका आवश्यकता र समस्याहरु मुलुकै पिच्छे फरक छन् र साँच्चै भन्ने हो भने प्रत्येक समुदाय पिच्छे फरक छन् । त्यसैले प्रत्येक राष्ट्रहरुले अफ्नो आवश्यकता र क्षमता अनुरुप बाल बालिकाको संरक्षण, सम्वर्द्धन गर्न र उत्तम भविश्य प्रदान गर्न विभिन्न कानूनहरु बनाएको हुन्छ ।

यीनै कुरालाई ध्यान दिदै नेपालमा बाल अधिकार सम्बन्धि विभिन्न समयमा विभिन्न कानूनहरु निर्माण गरेको पाईन्छ । नेपालमा बनेका बाल अधिकार सँग सम्बन्धित राष्ट्रिय कानूनहरु र त्यसमा भएका केही महत्वपूर्ण प्रावधानहरु निम्न अनुसार रहेको पाईन्छ ।

## बाल अधिकार सम्बन्धि राष्ट्रिय कानून :

### संबैधानिक व्यवस्था :

नेपालको अन्तरीम संविधान २०६३ मा बाल अधिकार संग सम्बन्धित भएको मुख्य व्यवस्थाहरु :

नेपालको अन्तरीम संविधानको धारा ८ ले नेपाल सरहदभित्र फेला परेको, पितृत्व तथा मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म बंशको आधारमा ठहर्ने छ भनी व्यवस्था गरेको छ ।

समानताको हक (धारा - १३) : सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई कानूनको समान संरक्षण बाट बंचित गरिने छैन । तर बालबालिकाको संरक्षण, सशक्तिकरण वा विकासको लागी कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने छ भन्ने व्यवस्था गरेको छ ।

बालबालिकाको हक (धारा-२२(१) : प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने छ । प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ (धारा- २२(२) । प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्धारा दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित भएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइने छ - धारा- २२(३) असहाय, अनाथ, सुस्त मनस्थितियुक्त, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा परेका, सडक बालबालिकालाई सुनिश्चित भविश्यको लागी राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ (धारा- २२(४) । कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाईने छैन (धारा- २२(५) त्यसै गरि नेपालको अन्तरीम संविधान २०६३ को धारा ३५ अनुसार बालबालिकाको उचित संरक्षण र उन्नतिका लागि समाजिक सुरक्षाको विशेष व्यवस्था गर्न राज्यले उचित नीति लिने व्यवस्था गरेको छ ।

### कानूनी व्यवस्थाहरु:

नेपालमा प्रचलित विभिन्न नेपाली कानूनहरु बालबालिकाको अधिकार संरक्षणका लागी महत्वपूर्ण र सहयोगी दस्तावेजको रुपमा रहेका छन् । बाल अधिकार सँग सम्बन्धित प्रावधान भएका नेपाली कानूनहरु निम्नानुसार रहेका छन् ।

## बालबालिका सम्बन्धी ऐन २०४८ र यसका प्रमुख व्यवस्थाहरु:

बालबालिकाको हकहितको संरक्षण गरि तिनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न समयानुकल कानूनी व्यवस्थ ागर्न आवश्यक ठानी बलबालिका सम्बन्धी ऐन २०४८ सालमा व्यवस्था गरिएको हो । यस ऐनले १६ वर्षको उमेर पुरा नगरेकोलाई बालबालिकाको रुपमा व्यवस्था गरेको छ । यस ऐनमा भएका मुख्य व्यवस्थाहरु निम्न छन । बालकको नाम राख्ने र जन्म मिति कायम गर्ने, प्रत्येक बालकको पालनपोषण गर्नुको अतिरिक्त निजको शिक्षा, स्वास्थ्योउपचार, खेलकुद तथा मनोरञ्जन सुविधाहरुको व्यवस्थ गर्नु पर्ने, बालकको पालनपोषण, शिक्षा तथा स्वास्थ्योउपचारमा छोरा वा छोरीको आधारमा मात्र वा छोरा छोरा वा छोरी छोरीको बीच कुनै भेदभाव गर्नु नहुने, बालकप्रति कुर र यातनापूर्ण व्यवहार गर्न नहुने, अपराधिक किसिमका क्रियाकलापहरुमा संलग्न हुनबाट सुरक्षा, माग्ने काममा लगाउन नहुने, देवि देवताको नाममा बालकलाई चढाउन नहुने, कठोर सजाय दिन नहुने, अनैतिक पेशामा संलग्न गराउन नहुने, कुनै बालकको विरुद्ध लगाइएको पर्ने जदारी अभियोगमा निजको प्रतिरक्ष गर्ने कानून व्यवसायी नभएमा अदालतले मुद्धाको कारबाही वा किनारा नगर्ने, कल्याणकारी व्यवस्था अन्तर्गत बालकल्याण अधिकारी र बालकल्याण गृहको स्थापना एवं संचालन गर्नेतर्फ प्रतिबद्धता तथा बालन्याय प्रणालीलाई उचित रुपमा प्रयोगमा ल्यनउनु पर्ने जस्ता मुख्य व्यवस्थाहरु छन ।

> बालबालिकालाई कल कारखाना, खानी व यस्तै जोखिमपूर्ण काममा लगाउन निषेध गर्न तथा बालबालिकाहरुलाई अन्य काममा लगाउँदा उनीहरुको स्वास्थ्य, सुविधा, तथा सेवा र सुविधाको सम्बन्धमा व्यवस्थ गर्न आवश्यक ठानी यो ऐन २०५६ बनाइएको हो ।

## बल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

बालबालिकालाई कल कारखाना, खानी व यस्तै जोखिमपूर्ण काममा लगाउन निषेध गर्न तथा बालबालिकाहरुलाई अन्य काममा लगाउँदा उनीहरुको स्वास्थ्य, सुविधा, तथा सेवा र सुविधाको सम्बन्धमा व्यवस्थ गर्न आवश्यक ठानी यो ऐन २०५६ बनाइएको हो । यस ऐनमा भएका मुख्य व्यवस्थाहरु निम्न छन्: १४ वर्ष उमेर पुरा नगरेका बालबालिकालाई श्रमीकको रुपमा काममा लगाउन नहुने र यदी कसैले लगाएमा ३ महिना सम्म कैद वा १० हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुने, १४ वर्ष उमेर पुरा गरेकैलाई पनि पनि जोखिमपूर्ण काममा लगाउन नपाईने व्यवस्था गरेको छ । कसैले लगाएमा १ वर्ष सम्म कैद वा पचास हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुने समेत व्यवस्था गरेको छ । कुनै पनि बालबालिकालाई उनीहरुको इच्छ विरुद्ध काममा लगाउन नपाईने, कसैले लगाएमा १ वर्ष सम्म कैद वा ५० हजार रुपैयाँ सम्म जरीवाना वा दुवै साजय हुने छ भन्ने व्यवस्था गरेको छ। यसैगरि संरक्षकको स्वीकृति लिएर मात्र काममा लगाउन पइने र कसैले स्विीकृतिबिना काममा लगाएमा १ वर्ष सम्म कैद वा ५० हजार रुपैयाँ सम्म जरीवाना वा दुवै सजाय हुने व्यवस्था यस ऐनले गरेको छ ।

बालबालिका सम्बन्धी नियमावली २०५१ र यसमा भएका प्रमुख प्रावधानहरु:यो नियमावली बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरि बालबालिका सम्बन्धी कानूनी प्रावधानको कार्यान्यनको लागी व्यवस्था गरिएको हो । यस नियमावलीले बालबालिकाको हक हितको संरक्षण

तथा शारीरिक र मानसिक विकास सम्बन्धी कार्य गर्ने केन्द्रिय बाल कल्याण समितिको काम कर्तव्य र अधिकारको बारेमा व्यवस्था गर्नुका साथै जिल्ला बाल कल्याण समितिको व्यवस्था र यस समतिको काम, कर्तव्य र अधिकारको व्यवस्था र बाल कल्याण सम्बन्धी व्यवस्था गरेको छ ।

## बालन्याय कार्यविधि नियमावली २०६३ र मुख्य प्रावधानरहरुः

यो नियमावली बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरि बालबालिकासँग सम्बन्धीत न्याय सम्पादनको शिलसिलामा अवलम्वन गरिनु पर्ने कानूनी प्रावधानको लागी यस नियमावलीमा निम्न व्यवस्था गरिएको छ ।

यस नियमावलीमा व्यवस्था भए अनुसार प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायधिशको अतिरिक्त समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई समावेश गरि बाल इजलाश गठन गरिने व्यवस्था गरिएको छ । बालकले गरेको कसूरको अनुसन्धान तथा तहकीकात गर्न प्रत्येक प्रहरी कार्यालयमा प्रचलित कानून बमोजीम योग्यता पुगेका प्रहरी कर्मचारीको छुट्टै इकाइ रहने, बालकले गरेको कसूरको प्रचलत कानून बमोजीम अनुसन्धान तथा तहकीकात गर्दा प्रहरी कर्मचारीले प्रहरीको पोशाक नलगाई सादा पोशाक लगाउनु पर्ने प्रावधान रहेको छ । मुद्धाको सुनवाई गर्दा बाल अदालत वा बाल इजलाशमा बालमैत्री बातावरणमा सुनवाई गर्नु पर्ने, बाल अदालत वा बाल इजलाशले बालकले बुझ्ने एवं बालकको उमेर र निजको शारीरिक तथा मानसिक विकास सुहाउँदो भाषा प्रयोग गर्नु पर्ने व्यवस्था गरिएको छ । बालकको उमेर सम्बन्धी विवाद भएमा बाल अदालत वा बाल इजलाशले (क) अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति (ख) उक्त खण्ड (क) बमोजीमको प्रमाण पत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाण पत्रमा उल्लेख भएको जन्म मिति (ग) उक्त खण्ड (ख) बमोजीमको प्रमाण पत्र नभएमा विद्यालय चारित्रिक प्रमाण पत्रमा उल्लेखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्म मिति (घ) खण्ड (ग) बमोजीमको प्रमाण पत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणीत उमेरलाई आधार मान्नु पर्ने व्यवस्था गरिएको छ ।

## बाल अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय कानूनः

### बाल अधिकार सम्बन्धी महासन्धिः

बाल अधिकार सम्बन्धी महासन्धि संयुक्त राष्ट्रसंङघीय महासभाबाट विश्वभरीका बालबालिकाहरुको हित र उनीहरुको अधिकारको संरक्षण गर्ने उदेश्यबाट परित भएको हो । यो महासन्धिले बालबालिकाको सर्वाङ्गीण हीत र संरक्षणका लागि बाल बचावट, बाल विकास, बाल संरक्षण र बाल सहभागीता जस्ता आधारभूत हकहरुको पहिचान गरेको छ । यस महासन्धिले १८ वर्ष भन्दा मुनकि बालबालिकालाई नाबालकको रुपमा स्वीकार गरि उनीहरुको अधिकारको संरक्षण र संवर्द्धन गर्ने दायित्व राज्यको हो भन्ने कुरा प्रष्ट रुपमा उल्लेख गरेको छ । राज्यले बाल अधिकारको उचित सम्मा र संरक्षणको व्यवस्था गर्नुपर्दछ र त्यसका लागी उचित कानूनी मापदण्ड तथा संयन्त्रहरुको आवश्यकता पर्दछ भन्ने कुरा महसुस गरेर संयुक्त राष्ट्र संघले बाल अधिकार सम्बन्धी महासन्धि १९८९ (Convention on Rights of Child- 1989(CRC) २० नोभेम्बर १९८९ मा परित गरेको हो । नेपालले यस महासन्धिमा उल्लेख गरिएका अधिकारहरु कार्यान्वयन गराउने प्रतिवद्धता सहित १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरि पक्षराष्ट्र बनेको हो ।

बाल अधिकार सम्बन्धी महासन्धिका चारवटा मुख्य आधारभूत सिद्धान्तहरु रहेका छन् । यी आधारभूत

सिद्धान्त भित्र बालबालिकाको सर्वोत्तम हित, दीर्घ जीवन र विकास, भेदभावरहितता, र सहभागीता रहेका छन् ।

## सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्ध बाल अधिकार सम्बन्धी महासन्धिको इच्छधिन आलेख, २००० :

बालबालिकाहरुको अधिकारहरु, जुन बाल अधिकार सम्बन्धी महासन्धिले मान्यता दिएको छ, त्यसको अझ प्रभावकारी कार्यान्वयनको लागी, शसस्त्र संघर्षमा बालबालिकाहरुलाई संलग्न गराउनबाट रोक्न र त्यसबाट उनीहरुलाई सुरक्षा प्रदान गर्नु यस ऐच्छिक प्रलेखकको उदेश्य हो । यस आलेख संयुक्त राष्ट्रसंघको महासभाको मिति २०५७/२/१२ (२५ मे २०००) को प्रस्ताव नं. ए.आर.ई.यस.५४।२६३ बाट स्वीकार गरि सदस्य राष्ट्रहरुको हस्ताक्षर, अनुमोदन र सम्मिलनको लागि खुला गरिएको हो । यो प्रलेख मिति २०५८/१०/३० (१२ फेब्रुवरी २००२) बाट लगु भएको हो । नेपालले यस प्रलेखलाई ३ जनवरी, २००७ मा अनुमोदन गरेको हो । यस ऐच्छिक प्रलेखले सशस्त्र द्वन्द्वमा बालबालिकालाई लगाउन र भर्ना गर्न निषेध गरेको छ । यो प्रलेख अनुसार कुनै पनि राष्ट्रको सेनामा १८ वर्ष भन्दा कम उमेरका व्यक्तिलाई भर्ना गर्न र प्रत्यक्ष युद्धमा संलग्न गराउने कार्य दण्डनय हुने व्यवस्था गरेको छ ।

## बालबालिकाको बेचविखन,बाल बेश्यबृत्ति र अश्लिल चित्रण वरुद्ध बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधिन आलेख, २००० :

यो इच्छाधिन आलेखले व्यवस्था गरे बमोजीम बालबालिकाहरुको बेचविखन, वेश्यावृति र अश्लिल चित्रण गर्ने कार्यलाई यो आलेखको पक्षराष्ट्रहरुले निषेध गरि बालबालिकाहरुको सुरक्षा प्रदान गर्नु यो ऐच्छिक प्रलेखको उद्देश्य हो । संयुक्त राष्ट्र संघको महासभाद्वारा २५ मे २००० मा यो ऐच्छिक प्रलेख पारित भएको हो । यो प्रलेख १८ जनवरी २००२ देखि लागु भएको हो । नेपाल सरकारले यस प्रलेखलाई २० जनवरी २००६ मा अनुमोदन गरेको छ ।

यस आलेखले बालबालिकाहरुको बेचविखन, बाल वेश्यावृत्ति, बालबालिकाको अश्लिल चित्रण सम्बन्धी अपराधको परिभाषा गरि उक्त कार्यलाई फौजदारी कानूनद्वारा दण्डनीय बनाएको छ । बालबालिकाको विक्री गर्ने, वेश्यावृत्ति र अश्लिल काममा लगाउने अभियुक्तहरुलाई मुद्धा चलाउने बारे अन्तराष्ट्रिय संरचनाको निर्माण गर्नुका साथै बालबालिकाहरुको अधिकारको संरक्षण गर्ने र अधिकारको उल्घंन हुनेबाट बचाउन अन्तराष्ट्रिय सहयोग अभिवृद्धि गर्नेर सार्वजनिक चेतना जगाउनेर सूचना र शिक्षा सम्बन्धी सचेतना जगाउने कार्यक्रम संचालन गर्ने कुरामा यस प्रलेखले जोड दिएको छ ।

## अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धिहरु (बालबालिका सम्बन्धी) :

*महासन्धि संख्या १३८ (लागु भएको मिति १९ जुन् सन् १९७१)*

यस संगठन अन्तर्गत न्यूनतम उमेर सम्बन्धि महासन्धि, १९७३ र निकृष्ट बाल श्रम उन्मोलन गर्ने महासन्धि १९९९ पारित गर्नुका साथै यी महासन्धि लागू रहेको हरेक सदस्य राष्ट्रले बाल श्रमलाई प्रभावकारी रुपमा उन्मूलन गर्ने कार्य निश्चित गर्न तथा रोजगारीमा वा काममा संलग्न हुने न्यूनतम उमेर, कम उमेरको व्यक्तिहरुको पूर्ण शारीरिक तथा मानसिक विकाससँग मिल्ने गरि प्रगतिशिल रुपमा बढाउँदै लैजाने राष्ट्रिय नीति अवलम्बन गर्ने कुरामा जोड दिएको छ ।

## दक्षिण एशियामा बाल कल्याण प्रवर्धनका लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि २००२ :

संसारका बालबालिका मध्ये एक चौथाई बालबालिका दक्षिण एशियामा बसोवास गर्दछन् र ती मध्ये

अधिकांशलाई तिनीहरुको अधिकार प्राप्त र पूर्ण उपयोग गर्न र तिनिहरुको सम्पूर्ण सम्भाव्यताको विकास गर्न, परिवार र समाजमा एउटा जिम्मेवारपूर्ण जीवन वितउन सहयोग र संरक्षणको आवश्यकता महसुस गरी सार्क महासन्धि पारित गरिएको हो । यस महासन्धिले १८ वर्ष मुनिकालाई बालबालिका भनि उल्लेख गरेको छ । यसका सदस्य राष्ट्रहरुको राष्ट्रिय कानूनले बालबालिकालाई कुनै पनि प्रकारको भेदभाव, दुरुपयोग, हेला, शोषण, यातना वा निम्नस्तरको व्यवहार, वेचविखन र हिंसाबाट सुरक्षित राख्नेछ भन्ने कुराको सुनिश्चित गर्ने कुरा उल्लेख गरेको छ । यस महासन्धिका पक्ष राष्ट्रहरुले बालबालिकाको बचावट, संरक्षण, विकास र सहभातिताको अधिकारलाई प्रमुख पूर्व शर्तको रुपमा लिएको छ । यस महासन्धिले बालबालिकाको सर्वेत्तम हितलाई सर्वाधिक महत्वको सिद्धान्तको रुपमा लिएको छ ।

### सन्दर्भ सामग्री


- राष्ट्रिय शान्ति अभियान, (२०६६), मानव अधिकार प्रशिक्षण सहयोगी पुस्तिका माइतिघर, काठमाण्डौं ।
- 'चिन्तन' शिवाकोटी गोपाल, (२०५९), आन्तरिक द्वन्द्व र सङ्कटकालीन अवस्थासम्बन्धी राष्ट्रिय व्यवस्था, अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानून, मानव अधिकार तथा मानवीय कानून अभियान, न्यूप्लाजा, पुतलीसडक, काठमाण्डौं ।
- युनिसेफ, (१९९०) बालरुबालिकाहरुको लागि पहिलो आव्हान, बालबालिकाहरुका लागि विश्व शिखर सम्मेलन, संयुक्त राष्ट्र संघ, न्यूयोर्क ।
- नेपालको अन्तरिम संविधान, (२०६३), हिमाली प्रकाशन, काठमाण्डौं ।
- नेपाल सरकार, (२०६३), बालबालिका सम्बन्धी राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरु
- महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय केन्द्रीय बाल कल्याण समिति ।
- अर्याल, कुन्दन, ताम्राकार टेक, (२००४), मानव अधिकार ठूला ६ महासन्धि, मानव अधिकार सन्धि अनुगमन समन्वय समिति ।
- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), (०६१), शान्ति शिक्षा माला, कलंकी, स्यूँचाटार ।
- नेपाल सरकार, (२०४८), बालबालिका सम्बन्धि ऐन, कानून किताब व्यवस्था समिति ।
- नेपाल सरकार, (२०५६), बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, कानून किताव व्यवस्था समिति ।


## म विर्सन्छु कविता लेख्न



पल्लो ड्याङको मूला

म कविता लेख्न बस्छु
अगाडि त्यहि जीर्ण कठपुतली आउँछ
चाइनिज हेलमेटमा
गोवरमा गाडिएका गुच्चाका आँखाहरु
अमेरीकी कमिजमा
इण्डियन जुत्तालाई
नेपाली नर्कटले आकार दिएको छ ।

सुरुमै यस्तो थियो यसको बनावट
अहिले धेरै वर्ष वितेछ ।
त्यसैले जीर्ण छ ।
सम्भन्छु उसको पनि उत्पत्ति देखि अवसान छ ।

खुव तर्सायो सुरुवातमा
भागेका चरादेखेर
गजक्क फुलेको थियो ।
सम्भन्छु,
साउने झरी र हुरी पछिको विहान
उसको कमिज उडे पछिको जिङ्गरिङ्ग ............
लडिरहेको हेलमेट भित्र
मकैको खोसेलामा मुसाका बच्चाहरुको चिँ चिँ !

काभ्रोको फेदमुनि लडिरहेको हेलमेट
चियावारी तिर फर्किएर
पौरखी किसान देखेर
आत्माग्लानी र पश्चातापमा डुव्दछ ।
अझै तर्सिन्छन कि भनेर
अन्तिम हुँकार गर्दछ ।
उ भिजिलान्ते आयो !!!
हेलमेट देखेर किसान
पिच्च थुकेर बाटो लाग्दछ !

रमितालाई हेर्दा हेर्दै
म विर्सन्छु कविता लेख्न !

# चर्चा बालअधिकारको

पहिलो विश्व युद्ध तथा विभिन्न समयमा भएका युद्धहरुवाट सबैभन्दा बढी महिला र बालबालिकाहरु पिडित भएको अवस्थामा बालबालिका तथा महिलालाई युद्धवाट बचाउन पहिलोपटक सन १९२३ मा एग्लेन्टाइन जेवले आवाज बुलन्द बनाइन तर उनको यो आन्दोलनको करिब ६६ वर्षपछि संयुक्त राष्ट्रसंघको महासभावाट बालअधिकार सम्वन्धि महासन्धि जारी गरियो । आज संसारमा सवै भन्दा धेरै राष्ट्रबाट अनुमोदन भएको महासन्धिको रुपमा स्थापित भएको छ, बाल अधिकार ।

### बालअधिकारका सिद्धान्तहरु

- धारा २ भेदभाव गर्न नहुने
- धारा ३ बालबालिकाको उच्चतम् हित
- धारा ६ दीर्घ जीवन र विकास
- धारा १२ बालबालिकाको विचार र भावनाको कदर

### भेदभाव रहितता :

बालबालिकाका अधिकार सहज ढंगले उपभोग गर्नका लागि उनीहरु माथि उनीहरुको र उनीहरुको बाबुआमा वा संरक्षकको उमेर, लिंग, धर्म, वर्ण, जाती, वर्ग, समुदाय, क्षमता आदि आधारमा भेदभाव गर्नु हुँदैन । बरु पछाडी पारिएका वर्ग समुदाय लिङ्ग र उमेरका बालबालिकाहरुलाई उत्थान गर्न विशेष संरक्षण गर्न र प्रोत्साहन गर्नका लागि सकारात्मक विभेदको उपाय अपनाउनुपर्दछ र राज्यले यस्तो प्रकारको नीति र कार्यक्रमको व्यवस्था गर्नुपर्दछ । नेपालको कतिपय भूभागमा अझैसम्म विद्यामान रहेको विभेद न्यूनिकरण गर्नका लागि लक्षित नीति र सकारात्मक विभेदको रणनीति तयार पारी कार्यान्वयन गरिएको छ । यद्यपी समय समयमा भेदभावका घटनाहरु प्रकाशमा आएका छन् भने कतिपय त्यस्ता घटनाहरुकाबारे अदातल तथा न्यायीक निकायहरुमा उजुरीहरु समेत परेका छन् । बालबालिकाहरु प्रति हुने भेदभावका घटनाहरु समाजमा हुने गरेको भएतापनि त्यो न्यायिक निकाय सम्म पुगेको अवस्था पाईदैन ।




**सुमन अधिकारी**
**बालअधिकार अधिकृत, संखुवासभा**


### दीर्घजीवन र विकास :

बालअधिकार सम्बन्धि महासन्धि, १९८९ ले बालबालिकाको दीर्घ जीवन र उनीहरुको सर्वाङ्गीण विकासको अधिकारलाई नै दिर्घ जीवन र विकास को सिद्धान्तका रुपमा परिभाषित गरेको छ । दिर्घ जीवन र विकासलाई नेपालको अन्तरिम संविधान, २०६३ मा मौलिक हकको रुपमा समावेश गरिएको छ भने नयाँ संविधानमा समेत यसलाई व्यवस्था गरिएको छ । साथै प्रचलित कानुनी व्यवस्थामा पनि प्रसस्तै व्यवस्था गरिएको छ ।

#### दीर्घ जीवन

राज्यले बालबालिकाहरुको दीर्घ जीवनका लागि खोप कार्यक्रम, पोषण कार्यक्रम, मातृ शिशु कार्यक्रमहरु, सुरक्षित प्रसुती सेवाका कार्यक्रमहरु बालबालिकाको दीर्घ जीवनलाई लक्षित गरेर सञ्चालन गरिएका कार्यक्रमहरु हुन् । यस्ता लक्षित कार्यक्रमहरुको नतिजा सकारात्मक देखिएको छ । जस्तै : औषत आयूमा क्रमशः वृद्धि हुँदै जानु, शिशु/बाल/मातृ मृत्युदरमा कमी आउनु, जनसंख्या वृद्धिदर न्यून हुनु, परिवार व्यवस्थापन प्रभावकारी हुँदै जानु लगायत

हुन् । यति हुँदाहुँदै पनि कतिपय जिल्लाको यो अवस्था अझै सन्तोषजनक भने देखिदैन ।

### विकास

शिक्षा, पोषण, मातृ शिशु स्वास्थ्य, प्रारम्भिक बाल विकासका कार्यक्रमहरु आदि प्रारम्भिक अवस्थादेखि बालबालिकाहरुको शारीरिक, सामाजिक, वौद्धिक र संवेगात्मक साथै सांस्कृतिक विकासका लागि लक्षित गरेर सञ्चालनमा आईरहेका कार्यक्रम हुन् । यस्ता कार्यक्रमहरुको नतिजा सकारात्मक नै देखिएको छ । जस्तो नेपालमा साक्षरता दर बृद्धि हुँदै जानु बालबालिकाहरुको शरिरको औषत आकारमा वृद्धि हुँदै जानु, कुपोषणको दर घट्दै जानु, बालबालिका तिक्ष्ण वुद्धिका हुँदै जानु, बालबालिकाहरुको सामाजिकतामा बृद्धि हुँदै जानु यसका सकारात्मक नतिजाका सुचकहरु हुन् । बालबालिकाहरुको दिर्घ जीवन र विकासको अवस्था सकारात्मक दिशातर्फ उन्मुख भएपनि जिल्लाका दुर्गम तथा विकट गाविसहरुमा स्थिति चिन्ताजनक रहेको छ । लक्षित कार्यक्रमहरु अझ प्रभावकारी ढंगले सञ्चालन हुन सकिरहेको अवस्था छैन ।

### सर्वोत्तम हित :

बालबालिकाको हक अधिकार परिपुर्तिका सम्वन्धमा सबैभन्दा बढी हित हुने व्यवस्था गर्नु नै उच्चतम हित अथवा सर्वोत्तम हितको सिद्धान्तको मर्म हो । नेपालको अन्तरिम संविधान २०६३ र बालबालिका सम्वन्धि अन्य प्रचलित कानुनहरुमा यो अधिकारलाई व्यवस्थित गरिएको छ । सन् २००२ मा संयुक्त राष्ट्रसंघको बालबालिका सम्वन्धि विशेष अधिवेशनले पारित गरेको “बालबालिकाको लागि सुहाउँदो विश्व नामक घोषणापत्र, २००२” मा बालबालिकाको उच्चतम् हित सम्बन्धि व्यवस्थालाई थप प्रष्ट पारिएको छ । यसलाई कार्यमुलक बनाउने प्रयत्न भएको छ । त्यसपश्चात् नेपालमा बालमैत्री अवधारणमा कार्य गर्न सुरु गरिएको छ ।

### बालबालिकाको विचार र भावनाको कदर :

बालअधिकारको सन्दर्भमा विशेष गरी बालअधिकार सम्वन्धि विश्वव्यापी घोषणापत्र, १९८९ ले बालबालिकाको विचार, भावनाको कदर गर्ने विषयलाई विशेष जोड दिएको पाइन्छ । बालबालिकाहरुको विचार र भावना बढ्दो उमेर र परिपक्वताको सापेक्षतामा कदर र सम्मान गरिनुपर्दछ । यो घरपरिवार, समाज हुँदै राज्यको तह सम्ममा हुनुपर्दछ । हाल समाजमा बालबालिकाको विचार र भावनालाई कदर गर्ने र उनिहरुको आवाजलाई स्थान दिने परिपाटी बन्दै गईरहेको देखिन्छ । विभिन्न संरचनाहरुमा बालबालिकाहरुको सहभागिता हुदै गईरहेको छ । गाउँ बाल संरक्षण समिति, नगर बालसंरक्षण समिति, जिल्ला बाल संरक्षण समिति, गाउँ/नगर परिषद्मा बालबालिकाको सहभागिताका साथै बालक्लबहरुको उल्लेख्य रुपमा गठन र परिचालन भईरहेको छ । यति हुँदाहुँदै पनि अझैपनि अर्थपुर्ण बाल सहभागिताको खाँचो भने देखिन्छ ।

> बालबालिकाहरुको विचार र भावना बढ्दो उमेर र परिपक्वताको सापेक्षतामा कदर र सम्मान गरिनुपर्दछ। यो घरपरिवार, समाज हुँदै राज्यको तह सम्ममा हुनुपर्दछ। हाल समाजमा बालबालिकाको विचार र भावनालाई कदर गर्ने र उनिहरुको आवाजलाई स्थान दिने परिपाटी बन्दै गईरहेको देखिन्छ।

### पारिवारिक वातावरण र वैकल्पिक स्याहार :

बालअधिकार महासन्धि, १९८९ ले बालबालिकाको लागि सबैभन्दा उत्तम स्थान घरपरिवार हो भनि प्रस्तावनामा नै उल्लेख गरेको छ र परिवारको त्यस दायित्वमा समुदाय र राज्यले सहयोग पुऱ्याउनु पर्दछ । यसको सुनिश्चितताको लागि महासन्धिको धारा ५, ९, १०, ११, १८, १९, २०, २१, २५, २७ र ३५ हरुमा विभिन्न व्यवस्थाहरु गरेको छ । यी धाराहरुमा बाबु,

आमाहरुको मार्गदर्शन र बाबुआमाको दायित्व, परिवारसँग बस्न पाउने र बाबु आमासँग विछोड हुँदा पालन पोषणको दायित्व, पारिवारिक पुर्नमिलन, उच्च जीवनस्तरको लागि सहयोग गर्नुपर्ने राज्यको दायित्व, परिवारबिहीन बालबालिका र धर्मपुत्र/पुत्रि लिनेदिने सम्वन्धि, अवैध स्थानान्तरण र नफर्काउनु, दुर्व्यवहार र उपेक्षाबाट संरक्षण, पुर्नस्थापना र विशेष स्याहार सम्बन्धि राज्यको संरक्षणमा रहेका बालबालिका सम्वन्धि व्यवस्था गरेको छ। नेपाल सरकारले प्रचलित कानुनहरु मार्फत् यस्तो व्यवस्थालाई व्यवस्थित गरेको छ।

### बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता :

मानव जीवनको प्रारम्भिक अवस्थामा रहेका बालबालिकाहरुको मानवअधिकार वयश्कको भन्दा विशिष्ट हुन्छ। साथै उनिहरुलाई आफ्नो उमेर र परिपक्वता अनुरुप हुनेगरी वयश्क व्यक्ति सरह नागरिक अधिकार र स्वतन्त्रता उपभोग गर्ने अधिकार हुन्छ। यो अधिकार वयश्कको भन्दा अलि पृथक रहेको हुन्छ। बालअधिकार सम्वन्धि महासन्धि, १९८९ ले विभिन्न धाराहरुमा बालबालिकाहरुको गोपनियताको संरक्षण गर्नुपर्ने, अभिव्यक्तिको स्वतन्त्रता, उचित जानकारी प्राप्त गर्न पाउने अधिकार, विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकार, संगठन तथा शान्तिपूर्ण भेला हुन पाउने अधिकार, यातना, क्रुर वा अमानविय सजायवाट सुरक्षित हुने अधिकार आदिको व्यवस्था गरेको छ। यी व्यवस्थाहरुलाई नेपालले पनि संविधान तथा प्रचलित कानुनहरुमा व्यवस्था गरी नागरिक अधिकार र स्वतन्त्रता सम्वन्धि विषयलाई व्यवस्थित गरेको छ।

### आधारभुत स्वास्थ्य र कल्याण :

बालअधिकार सम्वन्धी महासन्धिको धारा २४ मा स्वास्थ्य र स्वास्थ्य सेवाहरु, धारा २६ र धारा १८ (ग) मा सामाजिक सुरक्षा, धारा २७ (क) र (ख) मा जीवनस्तर, धारा ६ (ख) मा बाँच्न पाउने अधिकार र धारा २३ मा अपाङ्गतामा भएका बालबालिका सम्वन्धी कुरा उल्लेख गरिएको पाइन्छ। बालअधिकार सम्बन्धि महासन्धि, १९८९ ले सबै बालबालिकाको स्वास्थ्य र स्वास्थ्य सम्वन्धी हकहरुलाई सुनिश्चितताको लागि जोड दिएको छ भने नेपालको अन्तरिम संविधान(२०६३ को धारा १६ मा सो सम्बन्धि व्यवस्था गरिएको छ। नेपालको चालु त्रिवर्षीय अन्तरिम योजनाले पनि सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य, बालस्वास्थ्य कार्यक्रम, संक्रामक रोग नियन्त्रण, विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिई स्वास्थ्य सेवा सम्वन्धि नीति र विशेष स्वास्थ्य सेवा कार्यक्रम लागु गरिरहेको छ। सबै बालबालिकाले स्वास्थ्य सर्वसुलभ, सरल र सहज ढंगले पाउनुपर्छ भन्ने नेपाल सरकारको नीति अनुसार बाल स्वास्थ्यलाई विभिन्न क्षेत्रमा विभाजन गरी सो बमोजिम सरकारी तथा गैरसरकारी क्षेत्रवाट प्रतिरोधात्मक/प्रतिकारात्मक, पुर्नस्थापनात्मक र उपाचारात्मक स्वास्थ्य सेवाहरुजस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन भईरहेको छ।

**सवै बालबालिकाले स्वास्थ्य सर्वसुलभ, सरल र सहज ढंगले पाउनुपर्छ भन्ने नेपाल सरकारको नीति अनुसार बाल स्वास्थ्यलाई विभिन्न क्षेत्रमा विभाजन गरी सो बमोजिम सरकारी तथा गैरसरकारी क्षेत्रवाट प्रतिरोधात्मक/ प्रतिकारात्मक, पुर्नस्थापनात्मक र उपाचारात्मक स्वास्थ्य सेवाहरुजस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन भईरहेको छ।**

शिक्षा, फुर्सद, मनोरञ्जन र सांस्कृतिक कृयाकलाप : शिक्षा मानव जीवनको एक अभिन्न अंग हो र यो अनिवार्य र आधारभूत विषय हो। शिक्षा मानिसलाई सक्षम बनाउने महत्वपूर्ण कारक हो। सबै

बालबालिकालाई अनिवार्य र निःशुल्क रुपमा आधारभूत शिक्षाको अधिकार छ। नेपालमा औपचारिक, अनौपचारिक र व्यवहारिक पद्दतिबाट शिक्षा प्राप्त गर्ने गरेको पाईन्छ। त्यसो त ज्ञान, सीप र क्षमताको वृद्धिका लागि औपचारिक शिक्षा नै सबैथोक होईन भन्ने मत पनि पाईन्छ। शिक्षाले व्यक्तिमा अन्तरनिहित सिर्जनात्मक प्रतिभा र क्षमतालाई अभिवृद्धि गर्दै सामाजिक उत्थान, मानवीय मूल्य एवं मान्यतालाई आत्मसाथ गरी वैज्ञानिक दृष्टिले कार्य(सम्पादन गर्न सक्ने नागरिक उत्पादन गर्नका लागि महत्वपूर्ण योगदान गरेको हुन्छ।

बालबालिका सम्वन्धि महासन्धि, १९८९ को धारा २८ र २९ मा बालबालिकाको शिक्षाको अधिकार र धारा ३१ मा फुर्सद, आराम सम्वन्धि व्यवस्था गरिएको छ भने नेपालको अन्तरिम संविधान २०६३ को धारा १७ ले शिक्षा तथा संस्कृति सम्वन्धी अधिकारलाई मौलिक हकमा राखी "प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए वमोजिम माध्यमिक तह सम्मको निशुल्क शिक्षा पाउने हक हुनेछ" भन्ने व्यवस्था गरेको छ। राज्यले निःशुल्क शिक्षा भनेतापनि धेरै विद्यालयका विद्यालय व्यवस्थापन समितिले विभिन्न कृयाकलाप तथा निजी स्रोतमा शिक्षक व्यवस्थापन गर्नका लागि शुल्क लिने गरेको पाइन्छ। यसले सरकार घोषणा गरेको निःशुल्क शिक्षाको व्यवस्था कागजमामात्र सिमित हुन पुगेको छ। नेपालले सहस्रब्दी विकास लक्ष्यहरु तथा २०१५ सम्ममा सबैको लागि शिक्षा सम्वन्धि विषयमा प्रतिबद्धता व्यक्त गरेको छ।

अन्त्यमा, बालबालिकामा हामीले अहिले लगानी गरेनौं भने हामीले अबको १०० वर्षसम्म हाम्रो भविष्यलाई पछाडि धकेलेका छौ। त्यसैले हामीले १०० वर्षपछिको प्रतिफल चाहान्छौ भने आज नै बालबालिकामाथि लगानी गरौं। बालअधिकार बालबालिकाको आधारभुत आवश्यकता हो, बालअधिकार वयश्कहरुको उत्तरदायित्व हो र यो सबैपक्षको सरोकारको विषय हो।

## बालबालिकालाई संरक्षण गर

गौरव भण्डारी

बालबालिकालाई संरक्षण गर कुनै भेदभाव नगर
छोरा छोरी दुवैलाई सम्मान हक दिलाउँ।

छोरालाई स्कुल पठाई छोरीलाई काम नलगाउँ
हाम्रा समाजका यस्ता विकृति आजैबाट हटाउँ।

उनीहरुको शिक्षाको अधिकार छ, शिक्षा दिलाउँ
यस अधिकारबाट वञ्चित नपारौं।

बालबालिकालाई सम्पुर्ण हक र अधिकार दिलाउँ
बालअधिकारको संरक्षण गरौं, भेदभाव नगरौं।

*श्री भानु उच्च माध्यमिक विद्यालय*
*शनिअर्जुन ६, बैसावाडी, झापा*

## गजल

मञ्जिल आङदेम्बे

आमा जान्छिन् घाँस दाउरा मेलापातमा
म भए घर कुर्ने भाई रुन्छ साथमा

बुवा जान्छन् भट्टी पसल आउँछन् चुरोट तानी
म जान्छु जङ्गलतिर डोको हुन्छ साथमा

दाजु जान्छन् खेतबारी हलो जुवा लिई
म जान्छु पछिपछि हलगोरु हुन्छ साथमा

दिदी घरमा खाना पकाई खुवाउनु हुन्छ
म जान्छु पँधेरामा खाली गाग्रो हुन्छ साथमा

स्कुल जान्छु भन्यो भने लठ्ठी हुन्छ बुबाको हातमा
जब फर्कन्छु पँधेरोबाट पानी गाग्रो साथमा

*जनता उ.मा.वि., चुलाचुली, इलाम*

# बालबालिकाहरूको चौतर्फी विकासमा अभिभावकको भुमिका



केन्द्रकुमार बस्नेत, संरक्षक शिक्षक
श्री डम्वरदेवी उ.मा.वि. चमैता, इलाम

बालबालिकाहरु आजका काँचो माटो हुन् भने भोलीको सुनौलो संसार हुन्, कर्णधार हुन । समुदायमा यिनीहरुलाई सभ्य, योग्य र सक्षम नागरीक बनाउन राष्ट्रियस्तरका नीति, नियमहरु तयार भई सरकारीस्तरबाट बिभिन्न किसिमका क्रियाकलापहरु संचालन भईरहेका छन् । त्यस्तै विभिन्न गैरसरकारी संघ, सस्थाहरुबाट समेत सहयोग भइरहेको छ । वर्तमान बालबालिकाहरुको अवस्थालाई हेर्दा सरकारीस्तरबाट बनेका नीति, नियम, निर्देशन पूर्ण रुपमा कार्यन्वयन हुन सकेको देखिँदैन । त्यस्तै कतिपय गैरसरकारी सस्थाहरुको क्रियाकलाप समारोह र गोष्ठिमा मात्र सिमित देखिन्छ भने कतिपय बालअधिकार तथा मानवअधिकारबादी संघ सस्थाहरु बालहित र मानव हितमा निरन्तर लागिरहकेका छन् । त्यस्ता संघ, सस्थाहरुमध्ये मानव अधिकार मञ्च नेपाल, इलामले विगत लामो समयदेखि नै बालअधिकार संरक्षण तथा सम्बर्दनको लागि अहोरात्र खटिरहेको उदाहरणीय सस्था हो ।

बालबालिकाको मानसिक, शारीरिक तथा संवेगात्मक विकासका लागी संघ/सस्था, शिक्षक, सरोकारवाला निकाय, बुद्धिजिवी लगायत बालबालिकाहरुको सम्बन्धित अभिभावकहरुको नै महत्वपूर्ण भुमिका रहेको हुन्छ । आफ्नो बालबालिकाहरुको भविष्य कस्तो बनाउने र संरक्षण कसरी गर्ने भन्ने बारेमा सम्बन्धित अभिभावकहरुले नै गहन रुपमा सोच्नुपर्ने हुन्छ । अभिभावकहरुको गलत क्रियाकलाप र खराब ब्यवहारले बालबालिकाहरुमा नकरात्मक असर पर्दछ । वर्तमान अवस्थामा जतिपनि बालबालिकाहरु यौन दुराचारको सिकार, बाल मृत्युदर, सडक बालबालिकाहरुको बृद्धिदर, चोरी, डकैतीमा संलग्नता जस्ता कार्यहरु भई नै रहेको अवस्था छ । त्यसको मुख्य जिम्मेवार अभिभावकहरु नै हुन् । त्यसैले साधारणतय अभिभावकहरुले बालबालिकाहरुको निम्नलिखित मुख्य कुराहरुमा विचार पुऱ्याउन सके आफ्नो कर्तव्य पुरा हुनसक्छ ।

१. उपयुक्त वातावरण :

बालबालिकाहरु उपयुक्त वातावरणमा हुर्कन पाउनु उनीहरुको नैसर्गिक अधिकार नै हो । यस्तो वातावरण निर्माण गर्ने मुख्य साधक अभिभावक नै हुन् । खासगरी विद्यालयको बालमैत्री व्यबाहार र घरको उचित वातावरण नै मुख्य भएकोले स्वच्छ एवम् पवित्र हुन जरुरी छ । घरको वातावरण स्वच्छ भएमा विद्यालयमा पनि शिक्षक, शिक्षिका, प्रधानाध्यापक, बालक्लब, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति लगायत सम्पुर्ण सरोकारवालहरुलाई मार्गनिर्देशन गर्न पूर्ण सहयोग मिल्नेछ । विषेशत: अभिभावकले पारिवारीक समझदारी, शिष्ट व्यवहार, मानवीय मर्यादा, असल बोली र अनुशासनको पालना गर्नुपर्छ ।

२. बालबालालिकाको रुचीप्रति ध्यान :

समुदायमा रहेका बालबालिकाहरुको रुची पृथक् पृथक् रहेका हुन्छ । कसैको रुचीमा कोर्ने, कसैको गीत गाउने, कसैको खेल खेल्ने, डाक्टर बन्ने, इन्जिनियर पाइलट बन्ने त कसैको अध्ययन गर्ने । उनिहरुको रुचीप्रति ध्यान दिनु अभिभावकको दायित्व हो । यसको लागी विद्यालय परिवारको सहयोग अनुसार अतिरिक्त क्रियाकलापमा सहयोग पुऱ्याउन सकिन्छ जसले बालबालिकाहरुको फाल्टु समय खेर जान पाउँदैन र बहुआयामिक व्यक्तित्वको विकास हुन्छ । बालबालिकाको मनस्थिति जुन रुचीमा बढी प्रभावित हुन्छ त्यही रुची अनुसारको उचित बाटो देखाईदिनु जिम्मेवार अभिभावकको मुख्य दायित्व हो ।

३. बालबालिकाको स्वास्थ्यमा ध्यान :

बालबालिकाहरुको त्रियाकलाप उसको स्वस्थ शरिरबाट सुरु हुने हुँदा उनीहरुलाई स्वास्थ्य तथा स्वच्छ वातावरणमा राख्नको लागी विभिन्न खोपहरु निश्चित समय भित्र नै उपलब्ध गराउनुपर्छ । नियमित सरसफाईमा ध्यान दिनुपर्छ । जन्मान्तरमा फरक ल्याउनुपर्छ । पौष्टिक खाद्य पदार्थहरु नियमित रुपमा खुवाउनुपर्छ । सरकारीस्तरबाट उपलब्ध भएका स्वास्थ्य सुविधाहरुको उपभोग गराउनु सचेत अभिभावकको दायित्व हो ।

४. उचित शिक्षामा ध्यान :

बालबालिकाहरुको पहिलो पाठशाला नै घर हो । घरको वातावरण राम्रो भएमा उचित शिक्षा प्राप्त गर्न सक्छन् । शिक्षा बालबालिकाहरुको मुख्य मेरुदण्ड हो । यसका लागी अभिभावक नै सचेत हुनुपर्दछ । शिक्षा हासिल गर्न गराउन किताब, कापी र कलम बोकाएर विद्यालय पठाउँदैमा आफ्नो जिम्मेवारी पुरा हुन सक्दैन । बालबालिकाहरुको दैनिक गतिविधि तथा क्रियाकलापहरुमा ध्यान दिनुपर्छ । तब मात्र बालक भोलीका दिनमा असल, देशभक्त बन्नसक्छ । यस्तो शिक्षामा वातावरण सिर्जना गर्ने मुख्य दायित्व अभिभावकको नै रहेको हुन्छ ।

# स्थानीयस्तरमा नयाँ बाटो देखाउने संस्था मानव अधिकार मञ्च



**भीमबहादुर बोहोरा, संरक्षक शिक्षक**
**जनता उ.मा.वि. चुलाचुली ३ इलाम**

इलाम जिल्लाको सुदुर दक्षिण पश्चिम भेगमा रहेको चुलाचुली गाउँ विकास समितिको श्री जनता उच्च मा.वि. को बालअधिकार चेतना समुह को संरक्षक शिक्षकको रुपमा २०५६ सालदेखि जब मैले उभिने अवसर मानव अधिकार मञ्च नेपाल, इलामले प्रदान गऱ्यो त्यही समय देखि मैले चुलाचुली गा.वि.स.मा वालअधिकार र मानव अधिकारको क्षेत्रमा काम गर्ने अवसर पाएँ। मानव अधिकार मञ्चद्वारा सञ्चालित जिल्लास्तरीय, क्षेत्रीय तथा केन्द्रका धेरै कार्यक्रममा भाग लिने र आफ्ना विचार राख्ने अवसर पाएको छु। मैले यस क्षेत्रमा प्रवेश गरेपछि बालबालिकाको अधिकार सुरक्षित गर्न गर्नुपर्ने प्रयासलाई जोड दिएको छु। बालबालिकाका अधिकार सुनिश्चित गर्न बालकदेखि बालकसम्म तथा बालकदेखि समुदायसम्म समसामयिक रुपमा काम गर्ने बानीको विकासलाई अगाडी बढाउने शिक्षाका रुपमा ग्रहण गर्ने अवसर प्राप्त भएको मैले महसुस गरेको हो भन्दा अत्युत्ति नहोला।

२०५७-०५८ तिर सहकर्मी मित्रहरु शिखरनाथ सापकोटा, ओमनाथ निरौला, स्व. तिलक तामाङ्ग लगायत अरु धेरै साथीहरुको बीचमा निक्कै प्रतिस्पर्धा हुने गर्थ्यो, विद्यालयको क्षेत्रमा कस्ले धेरै काम उठाउने भनेर हामी प्रतिस्पर्धामा दौडन्थ्यौं। सस्थाका सचिब श्री देबेन्द्र बिश्वकर्माले हाम्रो गाईडलाईनको भूमिका निभाईदिँदा हामीलाई काम गर्न पनि त्यति नै सहज भयो।

दशबर्षे द्वन्द्वताका कार्यक्षेत्रमा काम गर्ने वातावरण त्यति सहज रहेन, यद्यपि काम ठप्प पनि भएन। कहिले मेलमिलाप कहिले खोजतलासका सन्दर्भमा काम गर्दै रहँदा बालबालिकाका क्षेत्रमा पनि समयसापेक्ष काम अगाडी बढी नै रह्यो।

मेरो विद्यालयमा जबदेखि बालक्लब गठन भयो त्यसै समयदेखि जिल्लाको बाल कल्याण समिति, इलाममा पनि दर्ता भयो। त्यस समयदेखि बालकदेखि समुदायसम्म बालक्लबले काम गरेको छ। समूहगत रुपमा फूलबारी बनाउने, सरसफाई गर्ने, खेलकुद गर्ने, हाजिरीजवाफमा अन्तरविद्यालय सहभागी बन्ने, सडक नाटक प्रदर्शन गर्ने, वादविवाद, वक्तृतकला, चित्रकला, हस्तकलाजस्ता कार्यक्रममा जिल्लासम्म प्रतिस्पर्धा गरेर सम्मान पाएको तथ्य छ।

पिछडा वर्ग तथा आदिवासी समुदायमा पक्की शौचालय निर्माण गरेर खुल्ला दिसामुक्त वडा बनाउन बालक्लब सधैं सक्रिय रह्यो। हातमा कोदालो र काँधमा बाँसको घना बोकेर चर्पी निर्माणमा जुटेको उदाहरण विद्यालय आसपासका समुदायमा बुझ्दा स्पष्ट हुन्छ।

हाल बालक्लबले विद्यालय क्षेत्रमा ल्याएको परिवर्तन सराहनीय मानिन्छ। विद्यालयमा साउण्ड सेट खरिद गरी पियरलाईनमा समाचार, अंग्रेजी कउभभअज, स्थानीय स्तरमा घटेका समाचार सुनाईन्छ। विद्यालयहातामा वृक्षारोपण गर्नुका साथै बालक्लबका प्रत्येक सदस्यले आफ्नो करेसाबारीमा न्युनतम २ वटा विरुवा अनिवार्य रुपमा रोप्नुपर्ने नियम बनाई कार्यान्वयन गरिएको छ। कक्षा कोठामा डष्टविन, पिउने पानीको लागी वाल्टिन, जगको बन्दोबस्त मिलाईएको छ। गा.वि.स. बाट प्राप्त १० प्रतिशत बजेटले आफ्नो भागि बाहेक रू ३०,०००/( थप रकम माग गरी १ थान प्रोजेक्टर खरिद गर्ने तयारीमा रहेको छ। विद्यालयमा पुस्ताकालयको व्यवस्था गरी संचालन गर्नुले मानवअधिकार मञ्च (HURF) नेपाल, इलाम यसको मार्गनिर्देश बनेको छ भन्नुमा अत्युक्ति नहोला।

# बालक्लवको नेतृत्व विकासको कोसेढुंगा



**सोम निरौला, संरक्षक शिक्षक**
**श्री अमर उ.मा.वि. बरबोटे इलाम**

कुनै पनि परिस्थितिमा सही ढङ्गले प्रस्तुत हुन सक्ने क्षमता नै नेतृत्व हो । बालक्लबको माध्यमबाट विद्यार्थीहरुको नेतृत्व क्षमता विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सकिने अनुभव मैले गरेको छु । श्री अमर उ.मा.वि. बरबोटे, इलाममा सञ्चालित बालक्लवले संरक्षक शिक्षकको उपस्थितिमा शुरु शुरुमा विभिन्न निर्णय र कार्यहरु गरियो । विद्यालयमा फूलबारी निर्माण, सदन विभाजन, खेलकुद, साहित्य गोष्ठी, वादबिवाद जस्ता कार्यहरु भएका भए पनि शुरु शुरुका दिनहरुमा संरक्षक शिक्षकको प्रत्यक्ष निर्देशनको आवश्यकता महशुस गरियो । निर्णय पुस्तिका निर्णय लेख्ने, प्रस्ताव गर्ने, छलफल गराउने जस्ता हरेक क्रियाकलापहरु शिक्षक स्वयम्ले गर्नुपर्थ्यो तर क्रमशः क्रियाकलापहरु सञ्चालन गर्दै जाँदा अहिले आएर विद्यालयमा सञ्चालित गतिविधिहरुमा आफ्नो धारणा निर्धक्क भएर राख्ने बानीको विकास विद्यार्थीहरुमा भएको छ । विद्यार्थीहरु स्वयम् बैठक आह्वान गर्ने, बैठक सञ्चालन गर्ने र निर्णयहरु गर्ने जस्ता नेतृत्व क्षमतामा समेत पोख्त हुँदै गएका छन् । बालक्लबको सक्रियतामा यस विद्यालयमा सञ्चालित भएका कार्यक्रमहरु पवेशिका परीक्षा उत्तीर्ण विद्यार्थीहरुको विदाई, साँस्कृतिक कार्यक्रम, वादबिवाद कार्यक्रम, सदन विभाजन आदिमा बालक्लव भित्र र बाहिरका बिद्यार्थीको सक्रिय सहभागिता रहेको पाइन्छ । मेरो बालक्लवसँगको छोटो आवद्धताले मलाई यसको प्रभावकारी सञ्चालनमा अभ्यस्त बनाएको छ । मलाई लाग्छ यो कार्यक्रमलाई देशभरीका सबै विद्यालयमा विस्तार गर्न सके बालबालिकामा प्रभावकारी नेतृत्व क्षमता विकास गर्न सकिन्छ ।

कविता

## कर्म

जन्म दिएर साथ नदिने
त्यो आमा कस्तो ?
र पनि म बाँचेको छु
तर जिउँदै मरेजस्तो ।

भाग्य यस्तो भएर हो की ?
आमाले छोडेको ?
रातमा सुत्दा सिरक हैन
लाग्छ मलाई कात्रो ओढेको

यो बालकलाई जन्म दिई
किन होला छोडेको
आमा-छोरा बीचको सम्बन्ध
के भएर तोडेको ?

किन होला इश्वरले नै
नसुनिदिएको कुरो
हे आमा तिमी बाँचे पनि
बनाइदियौ मलाई टुहुरो

सुवास लकान्द्री
शान्तिपुर उ.मा.वि., शान्तिपु इलाम

## गजल

बेचिएकी चेली तिमी कति आँसु झार्दी होलाउ
घर फर्किने आशालाई दिनै पर सार्दी होलाउ

बिरक्तिन्छौ होला कति निरीह त्यो जीवनदेखि
आफ्नो आँशुको नदीसँग देशको याद बाँड्दी होलाउ

यातना र कष्टसँग जुध्दाजुध्दै थाक्छौ जहिल्यै
बाध्यताले कारागारलाई महलजस्तै पार्दी होलाउ

अनमोल छन् तिम्रा आँखाबाट झरेका ती वर्षातहरु
नदीजस्तै आँशु बगाई मनको बोझ तार्दी होलाउ

रोजिना घिमिरे, कक्षा १०
श्री कवि शिरोमणी उ.मा.वि., बालक्लव पूर्व अध्यक्ष,
अध्यक्ष, नगरस्तरीय बालसञ्जाल बिर्तामोड, झापा

# परियोजना अन्तर्गत विद्यालयस्तरमा भएका गतिविधिहरू

| सि. नं. | विद्यालयको नाम | सम्पन्न क्रियाकलाप/गतिविधि |
|---|---|---|
| १ | श्री बहुवन माध्यमिक विद्यालय इरौंटार, इलाम | बादविवाद प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, बालक्लवको नाममा पुस्तकालयको स्थापना, सरसफाई, खानेपानीको व्यवस्था, विद्यालयको औषधीको व्यवस्था, विद्यालयको हाताभित्र बृक्षरोपण, डस्टविनको व्यवस्था |
| २ | श्री शान्तिपुर उमावि, शान्तिपुर इलाम | खेलकुद, बादविवाद, भित्ते पत्रिका प्रकाशन, सरसफाई, शिक्षक तथा विद्यार्थीको आचारसंहिता निर्माण, गाउँ विकास समितिबाट बालबालिकाको लागि छुटिने बजेटबाट यस बालक्लवले विविध कारणले विद्यालय आउन नसकेको बालबालिकाहरुलाई पोशाक तथा झोला लगायत अन्य विविध सामग्री वितरण। |
| ३ | श्री ज्यामिरगढी मा.वि ज्यामिरगढी, झापा | हरेक कक्षाकोठामा डस्टविन र कुचोको व्यवस्था, फोहोरमैला व्यवस्थापनको लागि चारवटा रिङ्गको निर्माण, बालक्लवको छुट्टै कोठाको व्यवस्था, पुस्तकालयको स्थापना, वातावरण दिवको अवसरमा विद्यालय हाताभित्र बृक्षरोपण कार्यक्रम, बालकलवको अगुवाइमा शिशु कक्षाका विद्यार्थीहरुलाई कहिलेकाही खाजाको व्यवस्था, खेलकुदको सामग्रीको व्यवस्थापन, बालक्लवको अगुवाइमा सबै विद्यार्थीहरुलाई विद्यालय समयमा आउन र समयसम्म बस्न अनुरोध गर्ने गरेको, हरेक शुक्रबार विविध अतिरिक्त क्रियाकलाप सञ्चालन गरी पुरस्कारको व्यवस्था, बालक्लवले एसेम्ब्ली सञ्चालन गर्ने र पालैपालो विद्यार्थीहरुलाई एसेम्ब्लीमा कउभभअज गर्न लगाई उत्कृष्टलाई पुरस्कारको व्यवस्था, गाउँ विकास समितिमा बालक्लवको सहभागिता तथा गाविसबाट केही रकम समेत बालक्लवले प्राप्त गरेको, बालमैत्री धाराको व्यवस्था, साना बालबालिकाको लागि उनीहरुकै कक्षाकोठामा पानीको प्रवन्ध मिलाएको, औषधीको व्यवस्था |
| ४ | श्री कवि शिरोमणी उमावि<br>मेचीनगर, झापा | विद्यार्थी उपस्थिति बोर्डको व्यवस्था गरी विद्यार्थीको भाग्ने प्रवृत्तिलाई न्यूनीकरण गरेको,<br>सदन सदनको फूलबारी निर्माण गरी सदनको बोर्डको व्यवस्थाा विद्यालय व्यवस्थापन समितिमा विद्यार्थीको सहभागिता, बालक्लवको छनौट चुनावी प्रकृयाद्वारा गरिएको भाग्ने विद्यार्थीहरुलाई जरिवानाको व्यवस्था, डस्टविनको व्यवस्था, विविध खेलकुद सामग्रीको व्यवस्था, |

| | | |
|---|---|---|
| | | खेलकुदका लागि आवश्यक पर्ने युनिफर्मको ब्यवस्था, जल्लास्तरीय खेलकुद प्रतियोगितामा सहभागिता, स्थानीय प्रशासन, सामुदायिक वन र नगरपालिकासँग समन्वय गर्दै विविध कार्यक्रम सञ्चालन, लगातार दुइपतटक सम्म काठमाण्डौमा रहेको ECCA नामक संस्थाको कार्यक्रममा सहभागी भई पानी शुद्धीकरण गर्ने मिनी वाटा समेत विद्यालयमा ल्याएको, बालक्लवको सदस्यता विस्तार गर्ने गरेको, कविता, बक्तृत्वकला, हाजिरीजवाफ जस्ता प्रतियोगिता सञ्चालन, विद्यालयमा फूलबारी निर्माण, विद्यालयको युनिफर्म नभएको कारणले विद्यालय आउन नसक्ने विद्यार्थीहरुलाई बाक्लवले युनिफर्मको ब्यवस्था गरेको, अन्य विद्यालयहरुमा पनि बालक्लव गठन गर्न सहयोग गरेको, विश्व वातावरण दिवसको अवसरमा विद्यालय तथा सार्वजनिक स्थलको सरसफाई, लागू औषध विरुद्ध ऱ्यालीको आयोजना, पुस्तकालयको ब्यवस्था, बालक्लवका निवर्तमान सदस्यहरुलाई उनीहरुको योगदानको कदर स्वरुप प्रशंसा पत्र प्रदान, "एउटा बरफ फाल, क्लवमा ५ रुपैंया हाल" भन्ने नारा लिई साधारण सदस्यहरुबाट प्रतिमहिना रु. ५ का दरले संकलन गर्ने गरेको |
| ५ | श्री लक्ष्मी माध्यमिक विद्यालय शनिअर्जुन नपा झापा | हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, नृत्य तथा गायन प्रतियोगिता, बालक्लवको कोठाको ब्यवस्था, फूलबारी निर्माण, कक्षाको क्याप्टेन बनाई सो को निर्देशनमा कक्षाकोठाको सरसफाई गर्ने ब्यवस्था, नियमित विद्यालय नआउने, विद्यार्थीका अभिभावकहरुलाई विद्यालयमा बोलाई छलफल गराएको, मासिक भित्ते पत्रिका प्रकाशन |
| ६ | श्री सरस्वती मावि, कोल्बुङ्ग इलाम | बालक्लवको अगुवाइमा विभिन्न क्रियाकलाप हुन थाल्यो, फूलबारी निर्माण, बृक्षरोपण कार्यक्रम, अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागितामा वृद्धि, बालक्लवको नियमित बैठक (मासिक) |
| ७ | श्री सिंहदेवी मावि गोर्खे, इलाम | फूटबल (अन्तर सदनात्मक), मावि स्तरीय हाजिरीजवाफ प्रतियोगिता, प्रावि स्तरीय नृत्य प्रतियोगिता, भित्ते पत्रिका प्रकाशन, प्रत्येक शुक्रबार सरसफाइ कार्यक्रम |
| ८ | श्री जनता उच्च मावि चुलाचुली, इलाम | विद्यार्थी भर्ना अभियानको लागि घरदैलो कार्यक्रम, विद्यालय हाताभित्र फूलबारी निर्माण तथा बृक्षरोपण कार्यक्रम, अन्तर विद्यालय खेलकुद प्रतियोगिता, सदन स्तरीय छात्रा तथा छात्र खेलकुद तथा बादबिवाद |

| | | |
|---|---|---|
| | | प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, प्राथमिक तह स्तरीय हाजिरीजवाफ प्रतियोगिता, कक्षा कोठा सरसफाइको लागि तालिका निर्माण गरी लागू गरिएको, फोहोर व्यवस्थापनको लागि बाल्टी र फोहोर फाल्ने खाल्डो निर्माण, खानेपानीको व्यवस्था, पुस्तकालयको व्यवस्था, विद्यालयको प्रार्थना लाइनलाई व्यवस्थित गर्नमा भुमिका निर्वाह गरेको, विभिन्न समयमा बालअधिकार सम्बन्धी कक्षाहरु सञ्चालन गर्ने गरेको र बालक्लवको विस्तारको लागि सदस्यता वितरण गरिएको । |
| ९ | श्री डम्बरेदवी उच्च मावि चमैता, इलाम | प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, प्रत्येक दिन विद्यालय सरसफाई गर्ने (१० मिनेट), निमावि स्तरीय हाजिरीजवाफ प्रतियोगिता, विद्यालय हाताभित्र बृक्षरोपण तथा फूलबारी निर्माण, बालअधिकार सम्बन्धी कक्षाहरु सञ्चालन, विद्यालय पोशाकलाई अनिवार्य गर्नको लागि बालक्लवले प्रोत्साहन कार्यक्रम गर्ने, अन्तर सदनात्मक हाजिरीजवाफ तथा खेलकुद कार्यक्रम सञ्चालन, प्रार्थना लाइनमा स्पीच भन्ने ब्यस्था मिलाएको, अन्तर विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन, बालमैत्री धाराको व्यवस्था |
| १० | श्री मोतीराम मा.वि जिर्मले, इलाम | खेलकुद प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, अन्ताक्षरी प्रतियोगिता, एसेम्ब्लीमा स्पीच प्रस्तुती, फूलबारी निर्माण तथा सरसफाइ कार्यक्रम |
| ११ | श्री वीर अमरसिंह उमावि, विर्तामोड झापा | हिज्जे प्रतियोगिता, प्रावि तथा मावि स्तरीय हाजिरीजवाफ प्रतियोगिता, बृक्षरोपण, भित्ते पत्रिका प्रकाशन, कक्षा छोडेर भाग्ने विद्यार्थीहरुलाई जरिवानाको व्यवस्था, प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलापको आयोजना, प्रत्येक शुक्रबार बालक्लवको बैठक, प्रत्येक कक्षामा मनिटरको व्यवस्था, पुस्तकालयको स्थापना, पुस्तकालयको लागि आवश्यक पर्ने पुस्तक संकलन, खेलकुद सामग्रीको खरिद, बालक्लवको छुट्टै कोठाको व्यवस्था, विद्यालय पोशकको अनिवार्यता |
| १२ | श्री जितपुर उमावि जितपुर, इलाम | बालदिवसको अवसरमा सदनात्मक हाजिरीजवाफ प्रतियोगिता, प्रावि स्तरीय चित्रकला प्रतियोगिता, सरस्वती पूजा, फोहोर मलाई लेखिएको चारवटा कन्टेनरको खरिद, हेण्डराइटिङ्ग प्रतियोगिता, प्रावि तहमा खेलकुदका सामान खरिद र वितरण, नियमित रुपमा कक्षाकोठा सरसफाइ, धारा, चर्पी र खेलमैदान सहित विद्यालयको हाताभित्र हप्तामा दुइ पटक सरसफाई र सफा विद्यार्थी सफा विद्यालय भन्ने |

| | | |
|---|---|---|
| | | नारा स्थापित, त्रैमासिक रुपमा भित्ते पत्रिका प्रकाशन, विद्यालयले गर्ने सम्पुर्ण अतिरिक्त क्रियाकलापहरुमा बालक्लवको अगुवाइ रहेको, बचत कोषको निर्माण, बालमैत्री विद्यालय बनाउन पहल, प्रत्येक कक्षाकोठामा विद्यार्थी आचारसंहितालाई समेट्ने गरी हाम्रो कक्षाकोठाको नियम भन्ने चार्ट तयार गरी टासिएको, हाम्रो कक्षाकोठाको काम भनेर ६ किसिमका कार्यहरुको विभाजन गरी दैनिक रुपमा लागू गरिएको, प्रत्येक कक्षाकोठामा विद्यार्थीहरुको वर्थ डे चार्ट निर्माण गरी टाँसिएको, प्रत्येक कक्षामा विद्यार्थी स्वयंले बाल्टी र बाटा खरिद गरी बाल्टीमा शुद्ध खानेपानी र बाटामा फोहो हाल्ने दैनिक रुपमा प्रवन्ध गरिएको, प्रतिभाको पहिचान कार्यक्रममा सहभागी भई विभिन्न विधामा प्रथम स्थान हासिल गर्न सफल भएको, प्रत्येक कक्षाको आफ्नो आफ्नो फूलबारी निर्माण गरिएको, बालक्लवले प्रार्थना लाइनको सञ्चालन, ब्लड ग्रुप चेक गर्ने शिविर सञ्चालन |
| १३ | श्री भानुभक्त उमावि<br>दे.न.पा, इलाम | प्रत्येक हप्ता बिद्यालय परिसर सरसफाई, निमावि तथा मावि स्तरीय हाजिरीजवाफ प्रतियोगिता, फूलबारी निर्माण, सदनस्तरीय खेलकुद कार्यक्रम सञ्चालन, विद्यालयमा खेलकुद सामग्री खरीद, त्रैमासिक रुपमा भित्ते पत्रिका प्रकाशन, छात्राबासमा बृक्षरोपण कार्यक्रम |
| १४ | श्री सरस्वती मावि<br>सोयाङ्ग, इलाम | बादविवाद, बक्तृत्वकला, हाजिरीजवाफ, खेलकुद, साँस्कृतिक कार्यक्रम, सरसफाई अभियान |
| १५ | श्री भानु उमावि<br>शनिअर्जुन नपा, झापा | वक्तृत्वकला प्रतियोगिता, हाजिरीजवाफ, फूलबारी निर्माण, बालक्लवको लागि भवनको ब्यवस्था, खेलकुद सामग्री खरिद, पार्किङ्ग गर्ने स्थल तोकिएको, बालबालिकाहरुको समस्यालाई समाधान गर्न सहयोग गर्ने गरेको, प्रत्येक कोठामा पंखा राख्न पहल, मनिटरको छनौट, टिफिन र ब्रेक बाहेक बाहिर जान नपाउने नियम बनाई लागू गरिएको, विद्यालय पोशाकलाई अनिवार्य, मासिक रुपमा भित्ते पत्रिका प्रकाशन, विद्यालयको हाताभित्र सरसफाई, बालअधिकार सम्बन्धी सचेतना कक्षा सञ्चालन, हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चालन, बालबालिकाको पढाई सम्बन्धी जानकारी राख्नको लागि प्रत्येक दुइमहिनामा अभिभावक भेलाको आयोजना, बालक्लव सञ्चालनको लागि कोषको स्थापना |

| | | |
|---|---|---|
| १६ | श्री अमर उमावि बरबोटे, इलाम | सरसफाइ कार्यक्रम, गमला वितरण, फूलबारी निर्माण, निमावि स्तरीय हाजिरीजवाफ, मावि स्तरीय बादबिवाद, प्रवेशिका उत्तीर्ण विद्यार्थीलाई प्रशंसा पत्र सहित विदाई कार्यक्रम, प्रत्येक कक्षामा मनिटर र रिपोटरको ब्यवस्था, भित्ते पत्रिका प्रकाशन, बैठक कोठाको व्यवस्था, बाल क्लवले गरेका गतिविधिको बारेमा इलाम एफ.एम. मा अन्तरवार्ता दिएको |
| १७ | श्री भगवती उमावि दे.न.पा. इलाम | निवन्ध प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, सरसफाई कार्यक्रम, नृत्य तथा गायन प्रतियोगिता, भलिबल प्रतियोगिता, बक्तृत्वकला प्रतियोगिता, फूलबारी निर्माण |
| १८ | श्री सुम्बेक मावि सुम्बेक इलाम | सरसफाई कार्यक्रम हाजिरीजवाफ, बादविवाद प्रतियोगिता, बक्तृत्वकला प्रतियोगिता, कक्षा १० को लागि बिदाई कार्यक्रम |
| १९ | श्री सरस्वती उमावि लक्ष्मीपुर, इलाम | अन्तर निमावि अन्तर विद्यालय हाजिरीजवाफ प्रतियोगिता, शौचालयको लागि बाल्टी खरिद, खेलकुद सामग्रीको खरिद, प्रावि स्तरीय चित्रकला प्रतियोगिता, फूलबारी निर्माण, भित्ते पत्रिका प्रकाशन |
| २० | श्री सरस्वती बालकल्याण मावि, झापा | बालक्लवको अद्यावधिक, खुला चित्रकला प्रतियोगिता, खुला नेपाली कविता वाचन प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, गायन प्रतियोगिता, नृत्य प्रतियोगिता, हाजिरीजवाफ, निवन्ध प्रतियोगिता, सडक नाटक प्रस्तुती, हिज्जे प्रतियोगिता, तीज र तिहार विशेष कार्यक्रम, बालकोषको स्थापना, मासिक भित्ते पत्रिका प्रकाशन, उक्ति बाचन, सरसफाई कार्यक्रम, पूर्व प्राथमिक कक्षाका विद्यार्थीहरुलाई पुस्तक वितरण, फूलबारी निर्माण |
| २१ | श्री गणेश मावि शान्तिनगर, झापा | निमावि र मावि स्तरीय हाजिरीजवाफ प्रतियोगिता, निमावि स्तरीय बादविबाद प्रतियोगिता, मावि स्तरीय बक्तृत्वकला प्रतियोगिता, प्रावि स्तरीय चित्रकला प्रतियोगिता, विद्यालय स्तरीय गायन प्रतियोगिता, बृक्षरोपण कार्यक्रम, खेलकुदका सामग्रीहरु खरिद |
| २२ | श्री बालकन्या मावि सोयाक, इलाम | प्रावि स्तरीय हाजिरीजवाफ प्रतियोगिता, प्रावि स्तरीय चित्रकला प्रतियोगिता, निमावि स्तरीय चित्रकला प्रतियोगिता, मावि स्तरीय चित्रकला प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, विद्यालयको हाता सरसफाई, भित्ते पत्रिका प्रकाशन, निमावि र मावि स्तरीय छेलो |

| | | |
|---|---|---|
| | | प्रतियोगिता, प्रावि स्तरीय दौड र चम्ची दौड प्रतियोगिता, निमावि स्तरीय छात्र छात्रा फुटबल प्रतियोगिता |
| २३ | श्री इभाङ्ग माबि इभाङ्ग, इलाम | अन्तर निमावि स्तरीय हाजिरी जवाफ प्रतियोगिता, बिद्यालय हाता सरसफाई, कक्षागत हिज्जे प्रतियोगिता, बालश्रम विरुद्धको अभियान, बालक्लवद्वारा प्रार्थना लाइनको व्यवस्थापन, गाविस स्तरीय बाल सञ्जाल निर्माणमा सहयोग, बालयौन दुर्व्यवहार विरुद्ध बालक्लवले आवाज उठाएको |
| २४ | श्री अमर कल्याण उमावि नयाँबजार इलाम | अन्तर प्रावि हाजिरीजवाफ प्रतियोगिता, प्रत्येक शुक्रबार सरसफाई कार्यक्रम, अन्तर प्रावि एकल नृत्य तथा गायन प्रतियोगिता, सामुहिक नृत्य र गायन प्रतियोगिता, प्रत्येक कक्षामा डष्टविन वितरण, बक्तृत्वकला प्रतियोगिता |
| २५ | श्री लक्ष्मी आदर्श मावि महमाई, इलाम | सरसफाई अभियान, प्रवेशिका परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरुलाई सम्मान तथा विदाई कार्यक्रम, शहिद दिवसका अवसरमा निवन्ध प्रतियोगिता |
| २६ | श्री श्याम्बल मावि माइमझुवा, इलाम | हप्तको दुइपटक विद्यालय सरसफाई, हाजिरीजवाफ प्रतियोगिता, बादविबाद प्रतियोगिता, प्राथमिक तहमा कबड्डी र चित्रकला प्रतियोगिता, निमावि स्तरीय चित्रकला, बादविबाद र हाजिरीजवाफ प्रतियोगिता, मावि स्तरीय बक्तृत्वकला प्रतियोगिता, कक्षा १० का विद्यार्थीहरुलाई विदाई कार्यक्रम |
| २७ | श्री जनक उमावि श्रीअन्तु, इलाम | सरसफाई कार्यक्रम, अन्तर निमावि हाजिरीजवाफ प्रतियोगिता, चित्रकला प्रतियोगिता |
| २८ | श्री बुद्ध आदर्श उमावि बुधबारे, झापा | भित्ते पत्रिका प्रकाशनको थालनी, गाविसबाट बालबालिकाको क्षेत्रमा विनियोजित रकम यस विद्यालयलाई पनि प्राप्त भएको र सो रकमबाट विभिन्न क्रियाकलाप सञ्चालन गरिएको, प्रावि र मावि स्तरीय चित्रकला प्रतियोगता, सरसफाई कार्यक्रम, मावि र प्रावि स्तरीय बक्तृत्वकला प्रतियोगिता |
| २९ | श्री मेची जनसाधारण उमावि, बाहुनडाँगी, झापा | सरस्वती पूजा, हाजिरीजवाफ प्रतियोगिता, स्रोत केन्द्र स्तरीय कविता गोष्ठी र हाजिरीजवाफ प्रतियोगिताको आयोजना, बृक्षरोपण कार्यक्रम, बालक्लवको कार्यालयको निर्माण, बालक्लवका पदाधिकारीहरुलाई परिचय पत्रको व्यवस्था, बालक्लवलाई जिल्ला बाल कल्याण |

| | | |
|---|---|---|
| | | समितिमा दर्ता गरिएको, बक्तृत्वकला प्रतियोगिता, प्रार्थना लाइनलाई व्यवस्थित गर्न बालक्लवको सक्रियता |
| ३० | श्री शहिद दशरथ चन्द उमावि दुहागढी, झापा | विश्व बाल पुरस्कार सम्बन्धी कार्यक्रम, फूलबारी निर्माण, कक्षा ६ देखि १० सम्म बालक्लवको उपसमिति गठन उपसमितिलाई बालअधिकार तथा बालक्लव सम्बन्धी सचेतना कक्षा सञ्चालन, प्रत्येक दिन सरसफाई कार्यक्रम, खानेपानीको व्यवस्था, फोहोर प्रशोधन केन्द्रको निर्माण, प्रत्येक कक्षामा डष्टविन र कुचोको व्यवस्था, विद्यालयलाई हाम्रो विद्यालय सफा विद्यालय भन्ने नारालाई साथ दिएर सफा विद्यालय घोषणा गर्न बालक्लवद्वारा अभियान सञ्चालन, बालअधिकार सम्बन्धी सचेतना कक्षा सञ्चालन, हाजिरीजवाफ प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, बक्तृत्वकला प्रतियोगिता, प्रवेशिका उत्तीर्ण विद्यार्थीहरुलाई सम्मानको कार्यक्रम, बालक्लवको कार्यालय निर्माण |
| ३१ | श्री जलसिंह मा.वि. पौवासारताप, पाँचथर | सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, साँस्कृतिक कार्यक्रम, खेलकुद, राँके बजार सरसफाई कार्यक्रम, राँकेमा आगलागी हुँदा बालक्लवका पदाधिकारीहरु तथा विद्यालयका साथीहरु मिलेर रु १,१०,२१०।- रुपैया संकलन |
| ३२ | श्री घुर्विसे पञ्चमी उ.मा.वि. फाक्तेप, पाँचथर | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, सडक नाटक, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण, भित्ते पत्रिका प्रकाशन, हिज्जे प्रतियोगिता, निबन्ध प्रतियोगिता |
| ३३ | श्री रानीटार उच्च माध्यमिक विद्यालय, रानीटार-२, पाँचथर | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, सडक नाटक, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण, भित्ते पत्रिका प्रकाशन, निबन्ध प्रतियोगिता |
| ३४ | श्री पृथ्वी उच्च माध्यमिक विद्यालय, यासो, पाँचथर | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, सडक नाटक, साँस्कृतिक कार्यक्रम, खेलकुद, भित्ते पत्रिका प्रकाशन, निबन्ध प्रतियोगिता |
| ३५ | श्री गढी माध्यमिक विद्यालय, फिदिम पाँचथर | बाल अधिकार सम्बन्धमा राज्यको भूमिका सम्बन्धी कार्यक्रम, बाल सचेतना सम्बन्धी कार्यक्रम, हाजिरी जवाफ, चित्रकला प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, खेलकुद, निबन्ध प्रतियोगिता |
| ३६ | श्री थेचम्बू उच्च मा.वि. थेचम्बु, ताप्लेजुङ्ग | कक्षा ७, ८, ९ र १० मा दैनिक रुपमा प्रतिवेदन लेख्न कार्यको थालनी, हाजिरी जवाफ प्रतियोगिता मा.वि. तर्फ, प्रा.वि.का विद्यार्थीहरुलाई सदनात्मक हिज्जे प्रतियोगिता, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, सडक नाटक, साँस्कृतिक कार्यक्रम, खेलकुद, भित्ते पत्रिका प्रकाशन, निबन्ध प्रतियोगिता, विद्यालय शान्ति क्षेत्र घोषणा गर्न बाल क्लवको नेतृत्वमा जुलुस प्रर्दशन । |

| | | |
|---|---|---|
| ३७ | श्री सिंवा उच्च माध्यमिक विद्यालय, ताप्लेजुङ्ग | सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, सडक नाटक, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण, भित्ते पत्रिका प्रकाशन |
| ३८ | श्री चाँगे उच्च माध्यमिक विद्यालय | सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, सडक नाटक, साँस्कृतिक कार्यक्रम, खेलकुद (रिदे दौड), वृक्षरोपण, भित्ते पत्रिका प्रकाशन |
| ३९ | श्री कालिका उ.मा.वि. नाङ्गखोल्याङ्ग, ताप्लेजुङ | खुल्ला एकल गायन, बाद विवाद प्रतियोगिता, कविता लेखन तथा वाचन, निवन्ध लेखन, हाजिरीजवाफ प्रतियोगिता |
| ४० | श्री मोती उ.मा.वि. खोक्लिङ्ग, ताप्लेजुङ्ग | सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, सडक नाटक, साँस्कृतिक कार्यक्रम, खेलकुद (रिले दौड), वृक्षरोपण, भित्ते पत्रिका प्रकाशन |
| ४१ | श्री कालिका माध्यमिक विद्यालय, तिरिङ्गे, ताप्लेजुङ्ग | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, सडक नाटक, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण, भित्ते पत्रिका प्रकाशन, निबन्ध प्रतियोगिता |
| ४२ | श्री शिम्बु मा.वि. फावाखोला, ताप्लेजुङ्ग | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, फूलबारीको निर्माण, भित्ते पत्रिका प्रकाशन |
| ४३ | श्री सिद्धकाली उ.मा.वि. दोखु, ताप्लेजुङ्ग | भित्ते पत्रिका संचालन नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण |
| ४४ | श्री जनता उमावि हाङ्गदेवा, ताप्लेजुङ्ग | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, खेलकुद, भित्ते पत्रिका प्रकाशन |
| ४५ | श्रीसरस्वती उमावि, सिकैचा, ताप्लेजुङ्ग | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण |
| ४६ | श्री गणेश उमावि नागी पाँचथर | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण, भित्ते पत्रिका प्रकाशन, निबन्ध प्रतियोगिता |
| ४७ | श्री निलगिरी उच्च माध्यमिक विद्यालय, सुभाङ-पाँचथर | नियमित सरसफाई, हाजिरी जवाफ, चित्रकला प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण, भित्ते पत्रिका प्रकाशन |
| ४८ | श्री सिद्ध मा.वि. रानीगाउँ | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण, भित्ते पत्रिका प्रकाशन |
| ४९ | श्री सिद्धेश्वरी उ.मा.वि. भारपा-पाँचथर | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, चित्रकला प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण, भित्ते पत्रिका प्रकाशन |

| | | |
|---|---|---|
| ५० | श्री ज्योती मा.वि. आङसराङ्ग, पाँचथर | नियमित सरसफाई, हाजिरी जवाफ, बक्तृत्वकला, बादविवाद, साँस्कृतिक कार्यक्रम, खेलकुद, फूलबारीको निर्माण, भित्ते पत्रिका प्रकाशन |
| ५१ | श्री सिंहबाहिनि उमाबि, तेह्रथुम | कक्षा १-८ का लागि लोकगायन प्रतियोगीता, नियमित रुपमा विद्यालय हाताभित्र सरसफाई, बालक्लबको नाममा बैंक खाता सञ्चालन, बक्तृत्वकला प्रतियोगिता, हिसाब दौड, हिज्जे प्रतियोगिता, चक्लेट दौड कक्षा १ देखि ५ सम्मका विद्यार्थीका लागि, धर्मरिनपेक्षता र धर्मस्वतन्त्रता विषयमा बादविबाद प्रतियोगिता |
| ५२ | श्री कृष्ण उमाबि सक्रान्ति बजार तेह्रथुम | बिद्यालय हाता सरसफाई सातामा १ दिन, नियमित कक्षकोठा सरसफाइ, अन्तर सदनात्मक निमाबि, मा.बि फुटबल प्रतियोगिता, हेन्डराइटिङ प्रतियोगीता कक्षा १-१०, बिपत् पुर्व तयारी तथा ब्यवस्थापन सम्बन्धि अर्न्तक्रिया, बक्तृत्वकला कक्षा ६-१०, खानेपानीको अभावलाई परिपुर्ति गर्न प्रत्येक कक्षामा जर्कीन र गिलास बितरण, प्रत्येक कक्षामा बाल्टिन र ग्लास वितरण, बादविवाद प्रतियोगिता, गणित दौड, कबिता प्रतियोगिता |
| ५३ | श्री महाकाली उमाबि सिम्ले तेह्रथुम | नियमित मासिक रुपमा बैठक बस्ने, बिद्यालय परिसर सरसफाई, कक्षाकोठा, सरसफाई, हाजीरीजबाफ, लोकनृत्य, निबन्ध लेखन, प्रत्येक महिना रु १० का दरले कक्षा ६-१० का बिद्यार्थी बाट रकम संकलन गरी बालकोष स्थापना, चित्रकला प्रतियोगीता सञ्चालन, चित्रकला प्रतियोगीता सञ्चालन, लोकनृत्य तथा गायन, बालअधिकार सम्बन्धि कक्षा सञ्चालन, नेतृत्व बिकासको अभ्यास |
| ५४ | श्री शंकर उमाबि तेह्रथुम | हाजिरीजवाफ कक्षा ६-१०, गायन,चुड्किला प्रतियोगीता, बिद्यालय परिशर सरसफाई, अन्तरसदनात्मक भलिबल प्रतियोगीता |
| ५५ | श्री सिंहबाहिनि माबि दाँगपा तेह्रथुम | सातामा १ दिन बिद्यालय परिसर सरसफाई, प्रत्येक दिन कक्षाकोठा सरसफाई |
| ५६ | श्री सितादेबी माबि फाक्सीप धनकुटा | लोकनृत्य प्रतियोगीता श्रीपञ्चमीको अवसरमा, नयाँ बिद्यार्थीलाई स्वागत कार्यक्रम, आसपासका ३ वटा बिद्यालय बिचमा मैत्रीपुर्ण फुटबल खेल, बिद्यालय परिशर नियमित सरसफाई, लोकनृत्य प्रतियोगीता श्रीपञ्चमीको अवसरमा |
| ५७ | श्री पञ्चकृष्ण उमाबि खोकु धनकुटा | बिद्यालय परिशर सरसफाई (नियमित), पुच्छर लुकाई प्राबिस्तरीय, बेलुन फुटाई खेल, बालअधिकार बिषयमा बक्तृत्वकला माबिस्तरीय, हाजिरीजबाफ प्रतियोगिता |

| | | |
|---|---|---|
| ५८ | श्री ठाकुरदेबी उमाबि धनकुटा | हाजिरीर जवाफ प्रतियोगीता, नृत्य प्रतियोगीता, बक्तृत्वकला प्रतियोगीता, चित्रकला, मेच घुमाई प्रतियोगीता |
| ५९ | श्री ग्रामीण जनता उमाबि भेडेटार धनकुटा | नृत्य तथा गायन प्रतियोगीता, बक्तृत्वकला प्रतियोगीता, कविता लेखन प्रतियोगीता, चित्रकला प्रतियोगीता |
| ६० | श्री छिन्ताङ उमाबि धनकुटा | पुरुष तथा महिला तर्फ दौड १०० मिटर र २०० मिटर, हाइजम्प, हाजिरजवाफ, युगल नृत्य प्रतियोगीता, बालअधिकारको विषयमा बक्तृत्वकला प्रतियोगीता |
| ६१ | श्री रामेश्वर उ.मा.वि मामलिङ्ग | विद्यालय सरसफाई नियमित कक्षागत रुपबाट संचालन, विद्यालय प्रङ्गडमा फूलबारी निर्माण प्रत्येक ३ हप्तामा गोडमेलको शुरुवात, हजिरी जबाफ प्रतियोगिता संचालन(अन्तर सदनात्मक), बाल नृत्य प्रतियोगिता (अन्तर कक्षा स्तरिय) |
| ६२ | श्री जलजला मा.वि.विहिबारे | विद्यार्थीको आचार संहिता निर्माण र पालना, सरसफाइ अभियान : विद्यार्थी तथा बालक्लवको अगुवाइमा कक्षा ६ देखि माथिका विद्यार्थीहरु र अभिभावक सहित प्लेकार्ड लिएर विद्यालय र बजारको सरसफाई गरिएको, वक्तृत्वकला प्रतियोगिता (अन्तर सदनात्मक), हजिरि जवाफ प्रतियोगिता (अन्तर सदनात्मक), गित गायन प्रतियोगिता, वाल नृत्य प्रतियोगिता (अन्तर सदनात्मक), वृक्षरोपण कार्यक्रम : विद्यालयको वाजो जग्गामा विद्यार्थी र अभिभावक मिलेर अंम्लिसो,रुद्राक्ष को विरुवा रोप्ने कार्य भएको, कविता बाचन तथा निवन्ध लेखन जस्ता क्रियाकलाप संचालन गरिएका छन् |
| ६३ | श्री सरस्वती मा. वि. मैदाने | हाजिरी जवाफ प्रतियोगिता प्रा.वि. तह (सदनात्मक), वक्तृत्वकाला प्रतियोगिता मा.वि. तह, लोक नृत्य प्रतियोगिता विद्यालय स्तरिय, हजिरी जवाफ प्रतियोगिता नि.मा.तथा मा.वि तह (सदनात्मक), विद्यालय सरसफाई : नियमित महिनामा एक पटक र कक्षा कोठा प्रत्येक हप्तामा एक पठक सरसफाइ कार्यक्रम गरिन्छ । |
| ६५ | श्री अमरुवा उ.मा.वि.आखीभुई | एकल नृत्य प्रतियोगिता (नि.मा.र मा.वि.तह), हाजिरी जवाफ प्रतियोगीता नि.मा.तह (अन्तर सदनात्मक), अन्तर सदनात्मक वक्तृत्वकला प्रतियोगिता नि.मा. र मा.वी तह, प्रा.वी.,नि.मा.वी.र मा.वी.तहगत कविता प्रतियोगिता, विद्ययालय सरसफाई कार्यक्रम, नियमित माशिकरुपमा विद्यालय वातावरण सरसफाई, नियमित साप्ताहिकरुपमा कक्षागत सरसफाई, (यी माथिका क्रियाकलापहरु सवै अमरुवा बालक्लवको संयोजकत्वमा हुदै अएका छन् ।) |
| ६५ | श्री त्रिवेणी उ.मा.वि वाहृविसे | हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, सांगितिक प्रतियोगिता, विद्यालय सरसफाई कार्यक्रम, समयको सदुपयोगका लागि घडी अभियान |

# परियोजना अर्न्तगत सम्पन्न क्रियाकलपको तस्वीरहरू






















